annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २०० पृष्ठ ८ | काठमाडौं, सोमबार १० मंसिर २०८१ | मार्ग कृष्णपक्ष नवमी नेपाल संवत् ११४५ | MONNDAY, NOVEMBER 25, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गौरवका आयोजना, प्रगति सुस्त

बिना अवरोध काम गर्ने र देशको मुहार फेर्ने, यही उद्देश्यसाथ सरकारले ठूला र राष्ट्रिय महत्त्वका आयोजनालाई 'गौरवका आयोजना' नामकरण गर्‍यो। तर, व्यवहारमा भने उल्टो भयो। गौरवका आयोजना निकै सुस्त गतिमा अघि बढेका छन्। कुनैकुनै आयोजना त अझै सुरु भएकै छैनन्।

**सुरेन्द्र काफ्ले/सुनिता कार्की** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

### आर्थिक वर्ष २०८०/८१ सम्मको कुल खर्च, भौतिक तथा वित्तीय प्रगति

| सि.नं. | आयोजनाको नाम | आ.व. २०८०/८१ सम्मको कुल खर्च (करोडमा) | समष्टिगत भौतिक प्रगति (प्रतिशतमा) | समष्टिगत वित्तीय प्रगति (प्रतिशतमा) | आ.व. २०८०/८१ को भौतिक प्रगति | आ.व. २०८०/८१ को वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | २१४८ | ४१.५८ | ४०.६२ | १२०.३४ | ८७.६४ |
| २ | बबई सिँचाइ आयोजना | १३४३.९२ | ७२.२२ | ७०.८७ | ९८.९३ | ९९.०३ |
| ३ | रानीजमरा कुलरिया सिँचाइ आयोजना | २००५.३ | ७४.३६ | ७२.३९ | ८०.१२ | ७४.६४ |
| ४ | सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना | १५३० | ३४.४ | ३०.९६ | ११८.११ | ९८.०९ |
| ५ | महाकाली सिँचाइ आयोजना | ७७६.५५ | २२.१८ | २२.१७ | ९१.१५ | ९७.२ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १६४९ | ७६.८ | ४९.७ | ९६.५ | ९६.०६ |
| ७ | माथिल्लो तामाकोशी आयोजना | सम्पन्न | सम्पन्न | सम्पन्न | सम्पन्न | सम्पन्न |
| ८ | बूढीगण्डकी जलविद्युत् आयोजना | ४२८८ | | १६.५५ | ४८.५१ | ४९.४७ |
| ९ | विद्युत् प्रसारण आयोजना | ७४७.७७ | ८.८ | ८.८ | ६३ | ६३ |
| १० | पश्चिम सेती जलविद्युत् आयोजना | ० | ० | ० | ० | ० |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | ६६३ | सम्पन्न | सम्पन्न | सम्पन्न | सम्पन्न |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २२०० | ९९.६ | ९२.१० | २०.० | ८१.०४ |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | ९८.५५ | ० | ९.५ | ० | ०.४३ |
| १४ | रेल वे तथा मेट्रो विकास आयोजना अन्तरगत | | | | | |
| | पूर्वपश्चिम विद्युतीय रेलमार्गको बर्दिबास चोचा खण्ड | ३२१८.९१ | ४५.७० | ४५.५८ | ९० | ९८ |
| | पूर्वपश्चिम विद्युतीय रेलमार्गको काँकडभिट्टा गड्डाचौकी | | ३.४० | ३.३८ | ६० | ९३.९२ |
| १५ | हुलाकी राजमार्ग | ६४०० | ६६.९ | ६२.८ | १०० | ९९.९ |
| १६ | पुष्पलाल मध्यपहाडी लोकमार्ग | ६८९६ | ७७.३२ | ८१.७७ | | |
| १७ | उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग | | | | | |
| | खाँदबारी-किमाथांका सडक | ५४९ | ४८ | ४६.१ | १०० | १०० |
| | खाँदबारी -किमाथांका (च्याम्ताङ-घोङ्गप्पा खण्ड) सडक | ५०.७० | ८०.८५ | ८०.६ | | |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी करिडोर) | | | | | |
| | गैंडाकोट राम्दी मालढुंगा सडक | ११.७७ | ६५ | ५८.८५ | १०० | ९७.३१ |
| | बेनी जोमसोम कोरोला सडक | | ८४ | ८४ | ९.८४ | ८.५५ |
| १९ | उत्तर दक्षिण (कर्णाली करिडोर लोकमार्ग) | | | | | |
| | कर्णाली करिडोर (हिल्सा-सिमीकोट) सडक | १७२.०५ | ३०.०० | २५.८३ | ८३.२० | ५६.२९ |
| | कर्णाली करिडोर ( लालीबगर-दुल्लीकुन्ना खण्ड र घाटापारीचौर-बद्रीगाउँ- भुक्काखोला खण्ड) सडक | ५३.३७ | ७२.५६ | ४६.८९ | २३.५७ | १९.१९ |
| २० | काठमाडौं-तराई-मधेस द्रुतमार्ग | ६७०९ | ३५.३८ | ३६.६६ | ९५ | ९२.५२ |
| २१ | मेलम्ची खानेपानी आयोजना (प्रथम चरण) | ३०५५.७९ | ९८.४५ | ८९.१५ | १०० | ८९.७९ |
| | याङ्ग्री लार्के नदी डाइभर्सन (दोस्रो चरण) | १३२.९२ | ८.६७ | ३.८१ | १०० | ७६.४ |
| २२ | पशुपति क्षेत्र विकास कोष | ८३० | ८८ | ६२.५९ | १२०.३४ | ८७.६४ |
| २३ | लुम्बिनी विकास कोष | १९०१.१० | ९५ | ९०.५२ | ९८.९३ | ९९.०३ |
| २४ | राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम | २०६४.७८ | १०० | ८० | ८०.१२ | ७४.६४ |

# सिस्टममा 'भाइरस' आक्रमण, राहदानी वितरण ठप्प




**राजकरण महतो** | *काठमाडौं*

'भाइरस'ले आक्रमण गरेपछि राहदानी विभागको 'राहदानी आवेदन प्रणाली' अवरुद्ध भएको छ। त्यसैकारण, राहदानी वितरण कार्य ठप्प छ। विभागले शुक्रबारदेखि प्रणाली अवरुद्ध भएको जनाएको छ। समस्या समाधान हुन कम्तीमा दुई साता लाग्ने विभागको भनाइ छ। प्रणाली अवरुद्ध भएपछि दैनिक हजारौं सेवाग्राही समस्यामा परिरहेका छन्।

विभागले शुक्रबार राहदानीको तथ्यांक व्यवस्थापनमा समस्या देखा परेकोले राहदानी प्रवाह प्रभावित बनेको जनाएको थियो। तर, आइतबार राहदानी आवेदन प्रणालीसँग सम्बन्धित केही कम्प्युटरमा भाइरस लागेकोले सेवा अवरुद्ध भएको विभागको भनाइ छ। 'राहदानी आवेदन प्रणालीसँग सम्बन्धित कम्प्युटरमा भाइरस प्रवेश गरेको प्रारम्भिक निष्कर्ष निकालिएको छ', विभागले जारी गरेको सूचनामा भनिएको छ, 'यसको फैलावट रोक्न सतर्कता अपनाउनुपर्ने भएकाले जिल्ला, इलाका प्रशासन कार्यालय तथा विदेशस्थित नियोगहरूको राहदानी सेवा बन्द गर्नु परेको छ।' सबै स्थानहरूबाट क्रमशः सेवा कार्य सुरु गरिने विभागले जनाएको छ। 'पूर्ण रूपमा कार्य प्रारम्भ हुन अझै दुई हप्तासम्म लाग्न सक्ने देखिन्छ,' सूचनामा भनेको छ।

राहदानी विभाग त्रिपुरेश्वरले नयाँ राहदानीका लागि अनलाइन प्रणालीबाट दैनिक १५ सय आवेदन लिँदै आएको छ। नेपाल र विदेशमा रहेका नियोगबाट राहदानी लिन दैनिक ६ हजारले फारम भर्ने गर्छन्। विभागले २०७८ मंसिरबाट भीडभाड हटाउन अनलाइनबाट आवेदन दिने प्रबन्ध मिलाएको थियो। दोस्रो पुस्ताको एमआरपीलाई विस्थापन गरेर विभागले ई–पासपोर्ट वितरण थालेको थियो। ई–पासपोर्टका लागि पहिले अनलाइन फारम भर्नुपर्ने हुन्छ। राजस्व तिर्न, फारम चेक गराउन, बायोमेट्रिक दिनका लागि सेवाग्राही राहदानी विभागसहितका तोकिएका कार्यालयमा पुग्नुपर्ने हुन्छ।

आइतबारदेखि राहदानी विभागले आंशिक रूपमा सेवा प्रारम्भ गरेको जनाएको छ। यसअघि नै फाराम भर्ने सेवाग्राहीहरूलाई सेवा प्रदान सुरु गरी सकिएको छ। एक–दुई दिनभित्रमा राहदानी बनाउने सेवाग्राहीका लागि नयाँ आवेदन फाराम भर्नका लागि बुकिङ खुल्ला गरिने विभागको दाबी छ। यस अघि २०७९ पुस २० गते पनि विभागको सिस्टममा समस्या आएको थियो। त्यो बेला विभागले राहदानी छपाइ तथा वितरण अवरुद्ध गरेको थियो।

विभागका अनुसार तीन दिनअघि आवेदन प्रणालीमा भाइरस देखा परेपछि सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी पर्याप्त सतर्कता अपनाइएको छ। आवेदकको तथ्यांक पूर्ण सुरक्षित छ। अत्यावश्यक पर्ने सेवाग्राहीका लागि विभागबाट क्रमशः सेवा प्रदान गरिएको छ। विभागले राहदानीका लागि नयाँ आवेदन दिनका लागि जिल्ला तथा इलाका प्रशासन कार्यालय, विदेशस्थित नेपाली नियोगमा सम्पर्क राख्न अनुरोध छ।

# मन्त्रिपरिषद्मा पुगे प्रहरी विधेयक

**अजवी पौड्याल** | *काठमाडौं*

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पेस गरिएको छ। गृह मन्त्रालयले प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी कानुनलाई संशोधन गर्न अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र लोकसेवा आयोगको सहमतिपछि प्रहरी विधेयक मन्त्रिपरिषद्मा पेस गरेको हो।

गृह मन्त्रालय कानुन महाशाखाका प्रमुख सहसचिव भरतमणि रिजालले प्रहरी ऐन २०१२ मा व्यवस्था भएका कानुनी प्रावधानहरूलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरिएको छ। नयाँ प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा विभिन्न मितिमा भएका फैसला कार्यान्वयन गर्नुका साथै प्रहरी सेवालाई नेपालको संविधान तथा प्रचलित कानुन, लोकतन्त्र र कानुनी शासन र मानव अधिकारप्रति प्रतिबद्ध, लैंगिक संवेदनशील, जवाफदेही, उत्तरदायी, प्रभावकारी तथा व्यावसायिक बनाउन विधेयक स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको बताए।

रिजालले, सार्वजनिक शान्ति प्रवर्द्धन, अपराध रोकथाम तथा नियन्त्रण गरी शान्ति, सुरक्षा एवं सुव्यवस्था कायम गर्न र अपराधको अनुसन्धान गर्न नेपाल प्रहरी सेवाको गठन, सञ्चालन तथा सेवाको सर्तसम्बन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक संघीय संसद्मा प्रस्तुत गर्न स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरेको जानकारी दिए।

त्यसैगरी सशस्त्र प्रहरी ऐन, २०५८ मा व्यवस्था भएका कानुनी प्रावधानहरूलाई समयसापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ सशस्त्र प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी कर्मचारीको सेवा सर्त सम्बन्धमा फैसला कार्यान्वयन गर्नु आवश्यक छ।

» बाँकी पृष्ठ ६

# आईपीएल इतिहासकै महँगा ऋषभ, वार्नर 'अनसोल्ड'

**एजेन्सी** | *साउदी अरेबिया*

भारतका आक्रामक विकेटकिपर/ब्याटर ऋषभ पन्त इन्डियन प्रिमियर लिग (आईपीएल) इतिहासकै सबैभन्दा महँगा खेलाडी बनेका छन्। साउदी अरेबियाको जेद्दामा भएको मेगा अक्सनमा ऋषभलाई लखनउ सुपर जायन्ट्सले २७ करोड भारतीय रुपैयाँमा किनेको हो। यसअघि दिल्ली क्यापिटल्सको कप्तान रहेका उनलाई मेगा अक्सनअघि रिलिज गरिएको थियो।

ऋषभ अघि श्रेयस अय्यर महँगोमा बिकेका थिए। उनलाई पञ्जाव किङ्सले २६ करोड ७५ लाख भारतीय रुपैयाँमा अनुबन्ध गरेको थियो। उनले अघिल्लो संस्करण कोलकाता नाइट राइडर्सबाट खेलेका थिए। उनले अघिल्लो संस्करणका सर्वाधिक महँगा खेलाडी अस्ट्रेलियाका मिचेल स्टार्कलाई पछि पारेका थिए। स्टार्कलाई अघिल्लो संस्करणमा सनराइजर्स हैदरावादले २४ करोड ७५ लाखमा किनेको थियो। यस पटक उनलाई दिल्ली क्यापिटलले ११ करोड ७५ लाखमा किनेको छ।

आइतबार बिक्री भएका खेलाडीमध्ये शीर्ष तीनमा भारतीय खेलाडी रहेका थिए। आइतबार तेस्रो सर्वाधिक महँगो खेलाडी वेङ्कटेस अय्यर बने। उनलाई कोलकाता नाइट राइडर्सले २३ करोड ७५ लाख भारुमा पुनः समावेश गरेको हो। यस्तै अर्शदीप सिंह र युजभेन्द्र चहल १८ करोड भारुमा बिके।

अर्शदीप र युजभेन्द्रलाई पञ्जाव किङ्सले टोलीमा अनुबन्ध गरेको हो। यस्तै गुजरात टाइटनले जस बटलरलाई १५ करोड ७५ लाख, दिल्ली क्यापिटल्सले केएल राहुललाई १४ करोड, राजस्थान रोयल्सले जोफरा आर्चरलाई १२ करोड ५० लाख, मुम्बई इन्डियन्सले ट्रेन्ट बोल्टलाई १२ करोड ५० लाख, रोयल च्यालेन्जर्सले जोस हेजलउडलाई १२ करोड ५० लाख, गुजरातले मोहमद सिराजलाई १२ करोड २५ लाख, दिल्लीले मिचेल स्टार्कलाई ११ करोड ७५ लाख, गुजरातले कागिसो रबाडालाई १० करोड ७५ लाख, हैदराबादले मोहमद सामीलाई १० करोड र रोयल च्यालेन्जर्स बेंग्लोरले लियाम लिभिङ्स्टोनलाई ८ करोड ७५ लाखमा खरिद गरेको छ। यस पटक केही खेलाडीमाथि पैसाको वर्षा हुँदा



केही खेलाडीलाई भने कुनै टोलीले पनि किनेनन्। पहिलो दिन नबिकेका (अनसोल्ड) चारमध्ये सबैभन्दा चर्चित खेलाडी अस्ट्रेलियाका डेभिड वार्नर हुन्। दुई करोड भारु सुरुवाती मूल्य तोकिएका उनलाई कुनै पनि टोलीले किनेनन्। वार्नरसँगै इङ्ल्यान्डका आक्रामक विकेटकिपर ब्याटर जोनी बेयरस्टोलाई पनि कुनै टोलीले बोली लगाएनन्। उनको पनि सुरुवाती मूल्य दुई करोड भारु राखिएको थियो। यस्तै दुई करोड भारु नै सुरुवाती मूल्य रहेका भारतका देवदत्त पाडिकल, ७५ लाख मूल्य तोकिएका वाकर सलामखेली र ३० लाख सुरुवाती मूल्य राखिएका अनमोलप्रित सिंह पनि बिकेनन्।

मेगा अक्सनमा ५ सय ७७ खेलाडीलाई समावेश गरिएको थियो। जसमा ३ सय ६७ भारतीय र २ सय १० विदेशी खेलाडी छन्। मेगा अक्सनमा १० टोलीले बढीमा २ सय चार खेलाडीमाथि बोली लगाउनेछन्। जसमा ७० विदेशी खेलाडी छन्। आईपीएलमा सहभागी १० टोलीले अक्सनमा ६४१.५ करोड भारु खर्च गर्नेछन्। जसमध्ये सबैभन्दा बडी पञ्जाव किङ्सले ११०.५ करोड भारुको बजेट छ।